# रूपा गाउँपालिका कास्कीबाट जारी सूचना तथा आम नागरिकमा अनुरोध ।

गाउँपालिका स्थायी बासिन्दा रहेका सम्पूर्ण व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाँइसराइका निजी घटना, घटना घटेको ३५ दिनभित्र निःशुल्क रूपमा स्थानीय पञ्जिकाधिकारी (सम्बन्धित वडा कार्यालयमा) समक्ष गई दर्ता गराउने र प्रमाणपत्र लिने कार्य गर्नु गराउनुहुन अनुरोध छ ।

व्यक्तिले राज्यबाट पाउने सेवा सुविधा र हक स्थापना गर्न कानून बमोजिम गर्ने व्यवहारका लागि व्यक्तिगत घटना दर्ताका प्रमाणपत्र जरुरी हुने भएकोले समयमै व्यक्तिगत घटना दर्ता गराऔं ।

बाबुको ठेगान नभएका बच्चाको जन्मदर्ता गर्न सूचना फाराममा रहेको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखी आमा सूचक बनी जन्मको घटना दर्ता गर्न सकिन्छ ।

पतिले विवाह दर्ता गर्न ईन्कार गरेमा नाता कायम भएको प्रमाणपत्र वा नाता कायमबारे अदालतको फैसलाको आधारमा विवाह दर्ता गर्न सकिन्छ ।

नेपालसँग दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्ध विच्छेद गर्ने नेपाली नागरिकको हकमा नेपाली राजदुतावास/महावाणिज्यदुतावासबाट प्रमाणित अदालतको फैसलाको आधारमा नेपालमा विवाह दर्ता गर्न सकिन्छ ।

व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा नागरिकता नं. उल्लेख हुनु पर्छ । जस्तैः— जन्म दर्तामा बाबु र आमाको, मृत्यु दर्तामा मृतकको, विवाह दर्तामा पति र पत्नीको, सम्बन्ध विच्छेद दर्तामा दर्ता माग गर्ने पति वा पत्नीको र बसाइँसराइमा सूचकको । त्यस्तै व्यक्तिगत घटना दर्ता नेपालमा बसोबास गर्ने विदेशीका लागि पनि भएकोले नागरिकताको सट्टा विदेशी नागरिकको पासपोर्ट नम्बर उल्लेख गर्नु पर्छ ।

व्यक्तिगत घटना दर्ताको लागि निम्न बमोजीमका सूचक हुन सक्दछन्:

जन्मको हकमाः बुवा, आमा, बाजे वा परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति ।

धर्मपुत्र धर्मपुत्रीको जन्म दर्ता गर्न कानून बमोजिम पारित लिखत समेत राखी धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु वा आमाले,

बाबु आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसको आधारमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष र निजहरूको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिशको आधारमा प्रमुख प्रशासकीय अधिकृत ।

मृत्युः परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति,

आमा बाबुको मृत्यु भएको सूचना दिने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा विवाहित छोरी समेत,

विवाहित दिदी बहिनीको मृत्युका सम्बन्धमा वंशजतर्फ कोही पनि नभएको प्रमाणित भएको खण्डमा माइती तर्फका दाजु भाई समेत,

बाबु आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसको आधारमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष र निजहरूको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृत ।

विवाहः पति र पत्नी दुवै,

वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न पति वा पत्नी एक्लै (सर्जमिन मुचुल्का सहित), पतिले विवाह दर्ता गर्न इन्कार गरेको अवस्थामा नाता कायम प्रमाणपत्र वा सम्मानित अदालतको फैसलाको प्रमाणपत्र भएमा पत्नी एक्लैले ।

सम्बन्ध बिच्छेदः

– पति वा पत्नी मध्ये कुनै एक (तर अदालतले सम्बन्ध विच्छेदको फैसला गरेको कागजात जरुरी हुन्छ ।

– दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्ध विच्छेद गर्ने नेपाली नागरिकको हकमा राजदुतावासबाट प्रमाणित अदालतको फैसलाको आधारमा पति वा पत्नीले,

बसाइँसराइः

– परिवार सबै बसाइँसराइ गर्ने भए परिवारको मुख्य व्यक्तिले,
– व्यक्ति एक्लै बसाइँसराइ गर्ने भए व्यक्ति स्वयंले।

राष्ट्रिय परिचय पत्र नागरिकहरूको वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी प्रमाणपत्र भएकोले नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेको सबै नेपाली नागरिकहरूले राष्ट्रिय परिचयपत्रको लागि फारम भरौं भराऔं ।

सामाजिक सुरक्षा भत्ता लिन योग्य सबै नेपाली नागरिकहरूले समयमै आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा गई विवरण अद्यावधिक गराउनुहुन अनुरोध छ । साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले प्रत्येक आर्थिक वर्षको शुरुको महिना

(श्रावण भित्र) मा आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा गई विवरण अद्यावधिक गराउनुहुन अनुरोध छ ।

बेरोजगार सूचीमा सुचीकृत भई नेपाल सरकारले तोकेको शर्तबमोजिम कार्य गर्न मन्जुर सम्पूर्ण नागरिकहरूले प्रत्येक वर्षको चैत्र मसान्तभित्र आगामी आर्थिक वर्षको लागि आफ्नो विवरण गाउँपालिकामा गई तोकिएबमोजिमको फारम भरौं भराऔं ।

कर तिरौ समृद्ध नेपाल निर्माणको अभियानमा सहभागी बनौं ।

समयमै तिरो तिरेर जरिवानाबाट बचौं ।

सामाजिक सञ्चालको अनावश्यक दुरूपयोग हुन नदिन आ आफ्नो स्थानबाट सकारात्मक भूमिका निर्वाह गरौं ।

बालबालिकाहरूलाई घरमा पठन-पाठनका लागि उपयुक्त वातावरण सिर्जना गरौं ।

आफ्ना बालबालिकाहरू समयमा विद्यालय पुगे/नपुगेको, समयमा घर फर्के/नफर्केको, विद्यालयले दिएका गृहकार्य तथा अन्य कार्यहरू गरे/नगरेको जानकारी राखौं ।

आफ्ना बालबालिकाहरूको आचरण तथा साथी सङ्गतिहरूसँगको सम्बन्ध कस्तो छ समय–समयमा जानकारी राखौं ।

विद्यालय समुदायको सम्मपत्ति हो, विद्यालयको शैक्षिक भौतिक तथा सामाजिक विकासका लागि निरन्तर सकारात्मक सहयोग गर्नुहोस् ।

बालबालिकाहरू अध्ययन गर्ने विद्यालयमा आफ्ना नानीबाबुहरूको सिकाइ प्रगतिको बारेमा बुझ्न तथा विद्यालयले आमन्त्रण गरेको समयमा उपस्थित होऔं ।

बालबाललिकाहरूका उचित आवश्यकताहरू सम्बोधन गरी उनीहरूको सिकाइ अवसलाई सुनिश्चित गरौं ।

शिक्षा नै समाज विकासको आधार भएकाले आफ्नो समुदायमा रहेका निरक्षर व्यक्तिहरूलाई साक्षरता विकासका लागि अवसर प्रदान गर्न सहयोग गरौं।

कृषि पेशालाई सम्मान गरौ देश विकासमा सहयोगी बनौ ।

पोषण सुरक्षा र खाद्य स्वच्छता घातक विपादीमुक्त कृषिको आवश्यक्तालाइ पुरा गर्न सबैले आआफ्नो स्थानबाट योगदान गरौ ।

विषादी औषधि होइन विष हो । जैविक विषादी प्रयोग गरौ स्वच्छ कृषि उपज उत्पादन गरौ ।

स्वास्थ्य नै धन हो भन्ने कुरालाई मूल मन्त्र मानी स्वास्थ्यवर्धक बानी व्यवहारको अनुसरण गरौं । स्वस्थ समाजको सिर्जनामा सहयोग पुऱ्याऔं ।

आफ्ना बालबालिकाहरूलाई पूर्ण खोप लगाऔं । स्वस्थ जनशक्ति उत्पादनमा सहयोग गरौं ।

गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गई कम्तीमा चार पटक गर्भ जाँच गरी टि. टि. खोप लगाउन र जुकाको औषधी खुवाई मातृ मृत्युदर घटाउन सहयोग गरौं ।

सन्तुलित खानपान र आहारविहारमा ध्यान दिई स्वास्थ्य प्रवर्धन गरौं ।

धुम्रपान मद्यपानबाट टाढा रही स्वस्थ समाज विकासमा सहयोग गरौं ।

बच्चा जन्मने वित्तिकै आमाको विगौती दुध खुवाई रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं ।

बच्चा जन्मेको छ महिना सम्म स्तनपान मात्र गराई बाल मृत्युदर कम गर्न सहयोग पुर्‍याऔं ।

रोग लागिसकेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु सबैभन्दा राम्रो हो । तसर्थ स्वस्थ जीवनशैली अपनाऔं ।